# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ८५ | काठमाडौं | सोमबार, १ साउन २०८० | Prabhab National Daily | Monday, July 17, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मुद्दाको खापैखाप, सर्वोच्चमै मुद्दा फर्स्योट चिन्ताजनक

न्यायाधीशको नियुक्ति समयमै गर्न सकिरहेका छैनौं । समयमै न्यायाधीश नियुक्ति हुन नसक्दा धेरै नै समस्याहरु उत्पन्न भइरहेका छन् । त्यसमध्येमै पर्छ, मुद्दाको फर्स्योट अपेक्षित नहुनु हो ।



■ **हरिकृष्ण कार्की**
प्रधानन्यायाधीश

- फर्स्योट हुनुपर्ने मुद्दा संख्या तीन लाख २५ हजार ७०२
- एक लाख ६४ हजार ६६ वटा मुद्दामात्रै फर्स्योट
- एक लाख ६१ हजार ६६६ वटा मुद्दा फर्स्योट हुन बाँकी
- सबैभन्दा कम १९ प्रतिशत मुद्दा सर्वोच्चमा फर्स्योट
- सर्वोच्चमा २० साउनसम्ममा सात र उच्च अदालतहरूमा ६० न्यायाधीश रिक्त

■ **जेबी योञ्जन**

**काठमाडौं-** देशभरका न्यायालयबाट हुने न्याय सम्पादनको स्थिति कमजोर देखिएको छ । जिल्ला, उच्च, विशेष, न्यायाधिकरण हुँदै सर्वोच्च अदालतसम्मका न्यायिक निकायमा दर्ता भएका मुद्दामध्ये करिब आधामात्रै फर्स्योट हुनुले न्याय सम्पादनमा ढिलाइ हुने गरेको पुष्टि भएको हो ।

प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले आइतबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्षबाट सरेर आएको एक लाख ४३ हजार ७९४ वटा र नयाँ एक लाख ८१ हजार ९०८ गरी फर्स्योट हुनुपर्ने मुद्दाको संख्या तीन लाख २५ हजार ७०२ थियो । त्यसमध्ये एक लाख ६४ हजार ६६ वटा मुद्दामात्रै



**राष्ट्रपति रामचन्द्र पौडेललाई आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन बुझाउँदै प्रधानन्यायाधीश हरिकृष्ण कार्की ।** *तस्बिरः रासस*

फर्स्योट भयो । यो भनेको ५०.३६ प्रतिशत मुद्दा फर्स्योट भएको हो । एक लाख ६१ हजार ६६६ वटा मुद्दा फर्स्योट भएन । जुन ४९.६४ प्रतिशत हो ।

उसो त १ साउन २०७९ देखि कार्यान्वयनमा रहेको न्यायापालिकाको चौथो पञ्चवर्षीय योजना २०७६-८१ मा नै मुद्दाको शीघ्र फर्स्योटमा समस्या देखिएको उल्लेख छ । जसका लागि न्यायिक निकायको मुद्दा फाँटमा हुने कामको मूल्यांकन प्रभावकारी हुनुपर्ने सुझाइएको (बाँकी पृष्ठ ३ मा)

## कति मुद्दा र रिट ?

देशभरका अदालतहरूमा दुई वर्ष नाघेका २७ हजार ९७१ वटा मुद्दा छन् । एक वर्षभित्र दर्ता भएका ९२ हजार ५२४ वटा, एक वर्षदेखि १८ महिनासम्मका १५ हजार ८५४ वटा र १८ महिनादेखि दुई वर्षसम्मका १२ हजार १५३ वटा मुद्दा छन् ।

दुई वर्ष नाघेका रिटहरू भने दुई हजार ७२१ वटा छन् । एक वर्षभित्रका पाँच हजार ६८ वटा, एक वर्षदेखि १८ महिनासम्मका ९३९ वटा र १८ महिनादेखि दुई वर्षसम्मका ६४७ वटा रिट छन् ।

निवेदन, प्रतिवेदन, फुटकर निवेदन र विशेष प्रकृतिका निवेदनहरू पनि दुई वर्ष नाघिसकेका छन् । जबकि, पटकपटक सुनुवाइका लागि इजलासमा पेसी नचढेको होइन । तर, पनि फर्स्योट हुन सकिरहेको छैन । जसले गर्दा न्यायमा विलम्ब भइरहेको छ ।

# राजनीति गर्ने 'गुरू'हरूलाई कारबाहीको सिफारिस




- कांग्रेस महाधिवेशन प्रतिनिधि बनेका त्रिभुवन विश्वविद्यालयका तीन सहप्राध्यापकलाई कारबाहीको सिफारिस
- प्राध्यापक, शिक्षक वा कर्मचारीलाई सदस्यता नदिनसमेत कांग्रेसलाई आयोगको निर्देशन
- जसपाका केन्द्रीय सदस्य उमाशंकर प्रसादलाई पनि कारबाहीको सिफारिस

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** निर्वाचन आयोगले नेपाली कांग्रेसको महाविधेशन प्रतिनिधि बनेका त्रिभुवन विश्वविद्यालयका 'गुरु'हरूलाई कारबाही गर्न सिफारिस गरेको छ । त्रिभुवन विश्वविद्यालयका सहप्रध्यापक जगत तिमल्सिना, त्रिचन्द्र कलेजका सहप्राध्यापक राजेन्द्र गौतम र वाल्मिकी क्याम्पसका सहप्राध्यापक कृष्णकान्त पराजुली कारबाहीको सिफारिसमा परेका हुन् । कांग्रेसको १४औं महाधिवेशनमा तीनै जना महाधिवेशन प्रतिनिधि भएको पाइएको आयोगको दाबी छ ।

'निजहरू नेपाली कांग्रेसको चौधौं महाधिवेशन-२०७८ मा महाधिवेशन प्रतिनिधिको रूपमा सहभागी भएको देखिने तथ्यगत विवरण महाधिवेशनमा सहभागी भएकाहरूको नामावली विवरणमा उल्लेख भएको देखिन्छ,' आयोगको पत्रमा भनिएको छ ।

केही दिनअघिमात्र बसेको आयोगको बैठकले उक्त सिफारिसको निर्णय गरिएको आयोगले जनाएको छ । आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा त्रिभुवन विश्वविद्यालय र रजिष्ट्रारको कार्यालयलाई पत्र लेखी कारबाहीको सिफारिस गरेको हो । 'अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (छ) ले सार्वजनिक पद धारण गरेको व्यक्तिलाई राजनीतिक दलमा क्रियाशील भई काम गर्न पाउने सुविधा प्रदान गरेको नदेखिएकोले निजहरूलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालयलाई लेखी पठाउने,' आयोगको पत्रमा भनिएको छ । (बाँकी पृष्ठ २ मा)

## एमालेले जनप्रतिनिधिलाई पार्टी कमिटीको नेतृत्व नदिने

**काठमाडौं (प्रस)-** नेकपा एमालेले जनप्रतिनिधिलाई पार्टी कमिटीका कार्यकारी पदको जिम्मेवारीमा नराख्ने भएको छ । केन्द्रीय सचिवालयको शनिबारको बैठकले यसबारे टुंगो लगाएको हो । यस विषयमा एमालेले अन्तरपार्टी निर्देशन जारी गर्ने एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले बताइन् ।

एमालेका प्रदेश र जिल्ला अधिवेशनहरूको मिति तोकिएकै बेला पार्टी सचिवालयले सांसददेखि स्थानीय तहका प्रमुखहरूलाई पार्टी कमिटीका नेतृत्व तहको पदमा उम्मेदवार बन्न नपाउने निर्णय गरेको हो ।

जनप्रतिनिधिले पार्टीको कार्यकारी जिम्मेवारीसमेत लिँदा काममा चाप पर्ने र समय दिन नसकिने भएकाले अध्यक्ष र सचिवजस्ता पदमा उम्मेदवार बन्न रोक लगाइएको शाक्यले बताइन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# महानिर्देशकको राजीनामा माग्दै अध्यागमन विभागमा धर्ना

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगार व्यवसायीहरू अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीको राजीनामा माग गर्दै आन्दोलनमा उत्रिएका छन् । वैदेशिक रोजगारीका लागि जोर्डन र कुवेत हिँडेका १९० जना श्रमिकलाई विनाकारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएको भन्दै व्यवसायीहरू आन्दोलित भएका हुन् । महानिर्देशक अधिकारीले तत्काल राजीनामा दिनुपर्ने उनीहरूको माग छ ।

आइतबार विभागको कार्यालयमा धर्ना तथा घेराउ गर्न पुगेका व्यवसायीहरूले प्ले कार्डसहित महानिर्देशक अधिकारीको राजीनामा माग गरेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अगुवाइमा भएको धर्ना तथा आन्दोलनका क्रममा व्यवसायीहरूले महानिर्देशकविरुद्ध दलाल, भ्रष्ट र कमिसनखोर भन्दै नारा लगाए । उनीहरूले अध्यागमनका महानिर्देशक राजीनामा दे, अध्यागमनबाट श्रमिक फर्काउने कार्य बन्द गर, अध्यागमनको ज्यादती बन्द गर, अध्यागमनमा हुने अनियमितता छानविन गर, व्यवसायीलाई दुःख दिने कार्य बन्द गर, भिजिट भिसा सेटिङ बन्द गर, अध्यागमनबाट फर्काइएका श्रमिकलाई क्षतिपूर्ति दे लगायतका प्लेकार्ड बोकेर प्रदर्शन गरे ।

असार २४, २६, २७ र २८ गते जोर्डन तथा कुवेत हिँडेका श्रमिकको भिसालगायत कागजात शंकास्पद भएको भन्दै अध्यागमन कार्यालयले उनीहरूलाई विमानस्थलबाटै फर्काएको थियो । उता संघले गत शुक्रबार श्रमसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी रोजगारीका लागि हिँडेका श्रमिकलाई विनाकारण फिर्ता गरेको भन्दै तत्काल विदेश जाने व्यवस्था गर्न माग गर्दै पत्रकार सम्मेलन नै गरेको थियो । फर्काइएकामध्ये नौ जनालाई शुक्रबार बिहान कुवेत जान दिएको अध्यागमन कार्यालयले शनिबार कुवेत जान विमानस्थल पुगेका ३७ जनालाई फिर्ता पठाएपछि व्यवसायी आक्रोशित बनेका छन् ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगारीका लागि आवश्यक सबै कानुनी प्रक्रिया पूरा गरेर हिँडेका श्रमिकलाई विमानस्थलबाट फर्काउनु दुःखद भएको बताए । उनका अनुसार अध्यागमन कार्यालयले १९० जनालाई विनाकारण फिर्ता गरी व्यवसायीलाई मात्र नभई श्रमिकलाई पनि दुःख दिने काम गरेको छ । श्रमिकहरूको हवाई टिकटलगायत क्षतिपूर्ति अध्यागमनले बेहोर्नुपर्ने र श्रमिकलाई दुःख दिने महानिर्देशकको राजीनामा माग गर्दै विभागमा धर्ना दिनु परेको भण्डारीले जानकारी दिए ।

'कुवेत जाने १५ जनाको आजै (आइतबार) भिसा सकिएको छ,' उनले भने, 'उनीहरूले रोजगारीमात्र गुमाएका छैनन्, दुईचोटी गरेर हवाई टिकट शुल्क १८ लाख रूपैयाँ क्षति व्यहोर्नुपरेको छ ।' यस्तै दोहोऱ्याएर विमानस्थल पुगेका ३७ जनालाई फिर्ता गरिएपछि दोहोरो टिकट शुल्कको मार खेप्नुपरेको भन्दै अध्यागमनले यसको क्षतिपूर्ति दिनुपर्ने भण्डारीको भनाइ छ । 'अध्यागमनको अन्यायपूर्ण निर्णयले विमानस्थलबाट श्रमिक फर्काउँदा एक करोड रूपैयाँभन्दा बढी क्षति भएको छ,' उनले भने । कामदारका सम्बन्धमा जति क्षति र असर पुगेको छ त्यसको जिम्मेवारी अध्यागमनले लिनुपर्ने भन्दै माग पूरा नभए चरणबद्ध आन्दोलन गर्नुका साथै विदेशमा श्रमिक पठाउनै बन्द गर्ने भण्डारीले चेतावनी दिए ।

विमानस्थल अध्यागमन कार्यालयले भने श्रमिकहरूको कागजात शंकास्पद भएका कारण फर्काइएको बताउँदै आएको छ । कार्यालय प्रमुख रामबन्धु सुवेदीले सोधपुछ तथा कागजातका आधारमा शंकास्पद देखिएकाले आवश्यक (बाँकी पृष्ठ २ मा)





वैदेशिक रोजगारीका लागि आवश्यक सबै कानुनी प्रक्रिया पूरा गरेर हिँडेका श्रमिकलाई विमानस्थलबाट फर्काउनु दुःखद हो । विनाकारण श्रमिकलाई फिर्ता गरी व्यवसायीलाई मात्र नभई श्रमिकलाई पनि दुःख दिने काम गरेको छ ।

■ **राजेन्द्र भण्डारी**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ




# फौजी संगठनभित्रको गुटबन्दी अन्त्य गर्छौं : गृहमन्त्री

**काठमाडौं (प्रस)–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले फौजी संगठनभित्रको गुटबन्दी अन्त्य गर्ने बताएका छन् । प्रहरी संगठनभित्रको गुटबन्दीले सिंगो संगठनलाई असर पारेको उल्लेख गर्दै उनले यसलाई अन्त्य गर्न मन्त्रालय लागेको बताएका हुन् । 'राजनीतिक नेतृत्वबाट गरिएको काम रोक्न, आर्थिक चलखेललाई रोक्न, शक्तिकेन्द्रको भूमिकालाई रोकेर ऐन र नियमलाई ठीक ढंगले व्यवस्था गर्न सक्यौं भने मात्र सुरक्षा निकायले गतिका साथ काम गर्न सक्छ,' गृह मन्त्रालयमा आइतबार 'शान्ति सुरक्षा सुदृढीकरण'का लागि सुरक्षा निकायका पूर्वउच्च अधिकारीसँग भएको छलफलमा उनले भने ।

गृहमन्त्री श्रेष्ठले सम्पूर्ण सुरक्षा निकायलाई राजनीतिक हस्तक्षेप, आर्थिक चलखेल र शक्ति केन्द्रको भूमिकाबाट मुक्त राख्ने प्रतिबद्धता व्यक्त गरे । उनले संविधान, कानुन र आफ्नो जिम्मेवारीलाई आधार बनाएर मन्त्रालय र मातहतका संगठन अगाडि बढाइने बताए ।

'गृह मन्त्रालय र माहतहतका संगठनको समग्र सुधारको योजना बनाउँदै छौं,' उनले भने, 'नेपाल प्रहरी र अनुसन्धान एकाइलाई निष्पक्ष, स्वतन्त्र र प्रभावकारी ढंगबाट कुनै पनि घटनाको अनुसन्धान गर्न निर्देशन दिएका छौं, प्रहरीलाई निष्पक्ष ढंगबाट अनुसन्धान गरेर अभियोजनमा जान निर्देशन दिएका छौं, प्रहरीले कानुन, तथ्य र प्रमाणलाई हेरेरै मात्र काम गर्छ ।'

भ्रष्टाचार तथा अपराधसम्बन्धी कार्यको अनुसन्धान अगाडि बढाउन खोज्दा त्यसमा संलग्न विषयगत क्षेत्रबाट गुनासो आउने गरेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले कुनै पनि दबाब र प्रभावबाट मुक्त रहेर अनुसन्धान प्रक्रिया अगाडि बढाइने बताए ।

'अनियमिततामा संलग्न राजनीतिक, प्रशासनिक वा उद्योग व्यवसाय क्षेत्रका व्यक्ति पक्राउ पर्न लागे भने सम्बन्धित क्षेत्रका व्यक्तिले विरोध गर्न थालेपछि कारबाही कसलाई गर्ने ?,' उनले प्रश्न गरे, 'के गरिब र निमुखालाई मात्रै कारबाही गर्ने ? धनीलाई छुट्टै, गरिबलाई छुट्टै ऐन कानुनको अपेक्षा गर्ने ? त्यो हुँदैन ।'

आफूले सदनमा पनि प्रहरी संगठनभित्र रहेको ३० वर्षे सेवा अवधि हटाउने उल्लेख गरेको चर्चा गर्दै गृहमन्त्री श्रेष्ठले सो व्यवस्था जसरी भए पनि हटाइ छाड्ने प्रतिबद्धता व्यक्त गरे । 'कानुन बनाएरै ३० वर्षे व्यवस्था हट्छ, सबैले सो व्यवस्था हटाउन पर्छ भन्ने तर कहिले हटाउने भन्नेमा विवाद हुने गरेको छ,' उनले भने, '३० वर्षे प्रावधान हटाउन प्रहरी महानिरीक्षक धेरै नै सकारात्मक हुनुहुन्छ, उन (आइजिपी)ले यो हटाउन आफूले के त्याग गर्नुपर्छ म तयार छु भन्नुभएको छ ।'

सोह्र वर्ष सेवा पुगेको प्रहरी जवान र हवल्दार, १८ वर्ष सेवा पुगेको प्रहरी सहायक निरीक्षक र प्रहरी नायब निरीक्षकलाई २० वर्षमा निवृत्तिभरण (पेन्सन) पाउने गरी स्वेच्छिक अवकाश दिने व्यवस्थालाई आफूले कार्यान्वयनमा ल्याइछाड्ने दृढता व्यक्त गर्दै त्यसका लागि अर्थ मन्त्रालयसँग छलफल भइरहेको उपप्रधानमन्त्री श्रेष्ठले बताए ।

मन्त्रालयले हरकोणबाट प्रहरी जवान, हवल्दार, सहायक निरीक्षकलाई कसरी उच्च मनोबलका साथ काममा लगाउने भनेर पहल गरिहरहेको उनले जानकारी दिए । '२४ घण्टा काम गर्नुपरेको छ, 'डिप्रेस फोर्स' लिएर कसरी काम गर्न सक्छौं ?,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'प्रहरी जवान र जुनियर अधिकृतको बढुवा नियमित गर्न लोकसेवा आयोगसँग छलफल भइरहेको छ ।'

## महानिर्देशकको ...

पृष्ठ १ बाट जारी

छानविनका लागि उनीहरूलाई फर्काइएको प्रतिक्रिया दिए । विदेश जानेसँग श्रम स्वीकृतिमा भएको एउटा काम र सम्झौतापत्रमा अर्कै काम उल्लेख गरिएको पाइएको सुवेदीले जानकारी दिए । यस विषयमा थप बुझ्न खोज्दा सम्पर्कमा नआएका अध्यागमन विभागका महानिर्देशक अधिकारीले आइतबार नै एक प्रेस विज्ञप्ति निकाल्न लगाएका छन् ।

विभागका निर्देशक एवं सूचना अधिकारी खिमराज भुसालको नामबाट जारी विज्ञप्तिमा विगत केही दिनदेखि वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई कुवेत जान लागेका नेपाली श्रमिकहरूले अध्यागमन कार्यालयमा प्रस्थानका लागि पेस गरेका कागजातहरू शंकास्पद देखिई प्रस्थान अनुमति नदिइएको विषयमा विभिन्न सञ्चारमाध्यमहरूमा आएका समाचारहरूप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ ।

यात्रुले पेस गरेका कागजातको आधिकारिकता जाँच गरी आगमन तथा प्रस्थान अनुमति दिने वा नदिने सम्बन्धमा निर्णय गर्नसक्ने सार्वभौम अधिकार कानुनतः अध्यागमन अधिकृतमा निहित रहेको बताइएको छ । कुवेत जान लागेका श्रमिकहरूको सन्दर्भमा पेस गरेका कागजातको प्रारम्भिकरूपमा छानबिन गर्दा केही श्रमिकको भिसा सम्बन्धित देशको आधिकारिक वेवसाइटमा नखुलेको, भिसाको अवस्था 'वेटिङ एप्रुभल' देखिँदा भिसाको आधिकारिकताका सम्बन्धमा द्विविधा उत्पन्न भएको, भिसामा उल्लेख भएको रोजगारदाताको नाम र श्रम स्वीकृति/सम्झौतापत्रमा उल्लेख रोजगारदाताको नाम फरक पर्न गएको विभागले जनाएको छ । यस विषयमा थप छानबिन गरी आवश्यक निर्णयमा पुग्नका लागि छानबिन समितिसमेत गठन भई कार्य प्रारम्भ भइसकेको निर्देशक भुसालले बताए ।

छानबिन चलिरहेकाले अर्को निर्णय नभएसम्म रोजगारीका लागि विदेश जाने श्रमिकले अंग्रेजीबाहेक अन्य भाषामा भएका भिसा अनिवार्यरूपमा अंग्रेजीमा अनुवाद गरी नोटरी गरी पेस गर्नुपर्ने, भिसामा उल्लेख भएको रोजगारदाताको नाम र श्रम स्वीकृति/सम्झौतापत्रमा उल्लेख भएको रोजगारदाताको नाम र पेसा एउटै हुनुपर्ने, प्यारेन्ट कम्पनी/होल्डिङ कम्पनीअन्तर्गतका कम्पनीसँग सम्झौता गरी श्रम स्वीकृति लिएको भए प्यारेन्ट कम्पनी/होल्डिङ कम्पनीले उक्त कम्पनी आफू मातहतको कम्पनी हो भनी लेखेको आधिकारिक पत्र पेस गर्नुपर्ने, कुवेत जाने श्रमिकहरूको इ-भिसाका सम्बन्धमा सम्बन्धित म्यानपावर कम्पनीले सम्पूर्ण जिम्मेवारी लिई प्रतिबद्धतापत्र पेस गर्नुपर्ने विभागले जनाएको छ ।

साथै, श्रम स्वीकृति एवं अन्य आवश्यक आधिकारिक कागजात लिई अध्यागमन कार्यालयमा आगमन तथा प्रस्थानका लागि आउने यात्रुहरूलाई नियमित एवं पूर्ववतरूपमा आगमन तथा प्रस्थान अनुमति दिने कार्य भइरहेको भन्दै विभागको कसैलाई दुःख दिने नियत नभएको निर्देशक भुसालले दाबी गरे ।

## राजनीति गर्ने...

पृष्ठ १ बाट जारी

तिमिल्सिना कांग्रेस समर्थित प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपालका अध्यक्ष हुन् भने गौतम महासचिव । त्यसैगरी पराजुली उपाध्यक्ष हुन् ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (ग) मा बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीलाई दलको सदस्यता प्रदान गर्न नमिल्ने कानुनी व्यवस्था छ । आयोगले कानुनविपरीत कार्य नगर्नसमेत कांग्रेसलाई निर्देशन दिने निर्णय गरेको छ । 'क्रियाशील सदस्यता तत्काल बदर गरी त्यसको जानकारी आयोगमा ३ (तीन) दिनभित्र उपलब्ध गराउन तथा अब उप्रान्त कानुनविपरीत हुनेगरी त्यस्ता व्यक्तिहरूलाई दलको सदस्यता प्रदान नगर्न र महाधिवेशनमा सहभागी नगराउन कांग्रेसलाई निर्देशन दिने,' आयोगको निर्णयमा भनिएको छ । यसैगरी आयोगले जनता समाजवादी पार्टी (जसपा) का प्राध्यापकलाईसमेत कारबाही गर्न निर्देशन दिएको छ ।

त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागमा कार्यरत सहप्राध्यापक उमाशंकर प्रसाद जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय सदस्य रहेको पाइएपछि आयोगले कारबाही गर्न सम्बन्धित कार्यालयहरूलाई सिफारिस गरेको छ ।

'उमाशंकर प्रसादको नागरिकता विवरणमा ना.प्र.नं. २१९, र जिल्लाः रौतहट, जारी मिति २०६९/१२/१९ रहेको देखिन्छ । सम्बन्धित दल जसपाले उमाशंकर प्रसाद दलको केन्द्रीय सदस्य रहेको भन्ने पत्र आयोगमा उपलब्ध गराएकोसमेतका आधारमा निज जसपाको केन्द्रीय सदस्य रहेको पुष्टि हुन आएको छ,' आयोगको निर्णयमा भनिएको छ, 'निजको नाम तत्काल केन्द्रीय समितिबाट हटाई कानुनसम्मत ढंगले तीन दिनभित्र आयोगमा विवरण अद्यावधिक गर्न र अब उप्रान्त कानुनविपरीत हुनेगरी त्यस्ता व्यक्तिलाई दलको सदस्य नबनाउन जनता समाजवादी पार्टी, नेपाललाई निर्देशन दिने ।'


## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

COMPANY: SAIL CREST INDUSTRY SDN. BHD.
कम्पनी : सेल क्रेष्ट इन्डष्ट्रिज एसडिएन. बिएचडि

Pre Approval Date : 2023-07-16 पूर्व स्वीकृति मिति : २०८०/०३/३१ | LT. No.289346 एल टि न. २८९३४६ | Invoice No. 60204731 चलानी नं. ६०२०४७३१

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary | | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष Male | महिला Female | | रिंगिट RM | ने.रु. NPR | | | | | | | |
| १. 1. | फ्याक्ट्री वर्कर factory worker | ७ 7 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४३,४३७ 43,437 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रु.१५०० /- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

Final Interview will be conducted on 24th Junly, 2023 in office premisees.
फाईनल अन्तर्वाता २०८० साउन ८ गते कार्यालय परिसरमा हुनेछ ।

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAEAH SAUDI ARABIA LTD.
पूर्व स्वीकृति मिति २०७९/०४/२० पूर्व स्वीकृति मिति २०८०/०३/३१ LT. No. 268708 चलानी नं. ६०१८४५८८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Scaffold Labor | 4 | 0 | 1200 | ४१९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## NOC हराएको सूचना

मिति 2080-2-25 गते गोंगबुबाट चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको No Objection Letter Lost हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : Samir Bhandari
NOC No. 793635108, 793635109
Address : Lamjung 9, Marsyangdi
Mobile : 9864389296



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUMIZAN JASIR ALFOZAN AND SONS COMPANY FOR INVESTMENT
पूर्व स्वीकृति मितिः २०८०/०३/३१ LT. No.289428 चलानी नं. ६०२०४७१२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Worker | 2 | 0 | 1300 | ४५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np


## सोलुदुधकुण्ड नगरपालिका

༄༅།།ཤོད་རོང་ཧོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु , कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति : २०८०/०४/०१*

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मिति २०८०।१।३१ गते प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र विद्युतीय खरिद प्रणाली मार्फत पेश हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा तुलनात्मकरुपमा सबैभन्दा न्यून भएका तपसिलको बोलपत्र सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम |
|---|---|---|---|
| ठेक्का नं. NCB /07/079/080 Cons | टाप्टिङ, लुम्सा, जुके, दिमिल सडक स्तरोन्नती | संगिता कन्स्ट्रक्सन सोलुदुधकुण्ड न.पा. ११ | १,११,८५,२१२।०५ (VAT र PS सहित) |


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०७९/०७/१५ पूर्व स्वीकृति मिति २०८०/०३/३१ LT. No. 274664 चलानी नं. ६०१९०३२५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cleaning | 2 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाःरु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com


## बेलौरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदुरपश्चिमप्रदेश, नेपाल

### बाबा हुनैनाथ दार्चुला कंन्सट्रक्सन बेलडांडी-२ कंन्चनपुर कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८०/०४/०१)

तपाई श्री देवकी धामीले **Construction of Covered hall ward no.08 Belauri Kanchanpur** ठेक्का न. **BELMUN/NCB/W/077/078-22** कार्यको लागी मिति २०७८/१२/३० सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७८/०३/१८ मा यस कार्यालय संग सम्झौता गर्नु भएकोमा तीन पटक गरी मिति २०८०/०३/३० सम्म म्याद थप गरिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्न तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशनको मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने **Updated work schedule**, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । उपरोक्त अवधिमा कार्य शुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडि कालोसुचिमा राख्ने तथा कार्य सम्पादन जमानत/अग्रिम भुक्तानी जमानत/धरौटी वापतको रकम जफत गर्नुको साथै बांकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बांकी मानी असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने जानकारी समेत गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

ललिता निवास प्रकरणः

# अनुसन्धान गर्न पाँच दिन म्याद थप

**काठमाडौं (प्रस)**– ललिता निवासको जग्गा हिनामिना भएको घटनामा पक्राउ परेका १७ जनामाथि अनुसन्धान गर्न प्रहरीले थप पाँच दिनको म्याद पाएको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले आरोपीलाई आइतबार काठमाडौं जिल्ला अदालतमा पेस गरेकोमा अदालतले थप अनुसन्धानका लागि पाँच दिनको म्याद दिएको सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जानकारी दिए ।

उक्त घटनामा प्रहरीले सञ्चार मन्त्रालयका सचिव कृष्णबहादुर राउत, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह, पूर्वसरकारी कर्मचारीसहित १७ जनालाई पक्राउ गरेको छ । उनीहरूविरुद्ध मुलुकी ऐन, २०२० को कीर्तेसम्बन्धी कसूर र संगठित अपराध कसूरमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

वि.सं. २०४९ देखि २०६९ को अवधिमा सरकारका नाममा रहेको बालुवाटारस्थित ललिता निवासको १४३ रोपनी जग्गा हिनामिना भएको थियो । यसअघि सिआइबीले अनुसन्धान सकेर ३०० जनाविरुद्ध मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने भन्दै प्रतिवेदन फिर्ता गरेको थियो ।

त्यसपछि अहिले पुनः सिआइबीले अनुसन्धान थालेको हो । आरोपीमध्ये १७ जनाले थुनाबाहिर राखेर अनुसन्धान गर्नुपर्ने गरी सर्वोच्चबाट अन्तरिम आदेश ल्याएपछि सिआइबीले त्यसको खारेजीको मागसहित भ्याकेट निवेदन दिएको छ । केही आरोपीहरूले भने बन्दी प्रत्यक्षीकरणको रिट दिएका छन् ।

## मुद्दाको खापैखाप...

पृष्ठ १ बाट जारी

थियो । तर, मुद्दाको फर्स्योटमा सुधार भएन ।

प्रधानन्यायाधीश कार्की न्यायालयहरूमा न्यायाधीश रिक्त हुनु तर नियुक्त नगरिनुलाई दोष दिन्छन् । उनले भनेका छन्, 'न्यायाधीशको नियुक्ति समयमै गर्न सकिरहेका छैनौं । समयमै न्यायाधीश नियुक्ति हुन नसक्दा धेरै नै समस्याहरू उत्पन्न भइरहेका छन् । त्यसमध्येमै पर्छ, मुद्दाको फर्स्योट अपेक्षित नहुनु ।'

मुद्दा फर्स्योट सबैभन्दा कम सर्वोच्च अदालतमै भएको देखिएको छ । अघिल्लो आर्थिक वर्षबाट सर्वोच्चमा सर्दै आएको मुद्दा संख्या २७ हजार ४०४ वटा थियो । आर्थिक वर्ष २०७८/०७९ मा दर्ता भएका नयाँ नौ हजार ७६५ मुद्दा गरी ३७ हजार १६९ वटा भएकोमा सात हजार ६५ वटा मुद्दा फर्स्योट भयो । जम्मा १९ प्रतिशतमात्रै मुद्दाको फर्स्योट भएको हो ।

बाँकी मुद्दाको सुनुवाइ हुन सकेन । यो तथ्यले सर्वोच्च अदालतमै न्याय सम्पादनमा अधिक विलम्ब हुने गरेको पुष्टि भएको छ । प्रधानन्यायाधीश कार्कीले भने सर्वोच्चमा दरबन्दीअनुसार न्यायाधीश नहुँदा मुद्दाको फर्स्योट पञ्चवर्षीय योजनामा निर्दिष्ट उद्देश्यअनुरूप नभएको भनेर पन्छिए ।

उनले सर्वोच्चमा हाल पाँच जना न्यायाधीश रिक्त रहेको यही ३ साउनमा अर्का एक जना न्यायाधीश र आफू यही २० साउनमा सेवानिवृत्त हुने बताए । यसो हुँदा सर्वोच्चमा सात जना न्यायाधीश नहुँदा न्यायिक प्रक्रियामा समस्या झन् बढ्ने बताएका छन् ।

उच्च अदालतहरूमा भने सर्वोच्चमा भन्दा मुद्दाको फर्स्योट तीन गुणा बढी भएको पाइएको छ । नयाँ र पुरानो गरी कूल ६६ हजार ७५० वटा मुद्दा भएकोमा ३९ हजार ७६८ वटा मुद्दा फर्स्योट भयो । फर्स्योट भएको मुद्दा ६० प्रतिशत हो । अब उच्च अदालतहरूमा २६ हजार ९८२ वटा मुद्दा बक्यौताको रूपमा रहेको छ ।

उच्च अदालतहरूमा सर्वोच्चमा भन्दा बढी ६० जना न्यायाधीश रिक्त भइसकेका छन् । यति हुँदाहुँदै पनि न्याय परिषद्को बैठक बसेर न्यायाधीश नियुक्तिको सिफारिस नगरेको भन्दै प्रधानन्यायाधीश कार्कीले चिन्ता व्यक्त गरे ।

'सर्वोच्चमा खाली हुनु एक महिनाअघि नै न्यायाधीशहरूको नियुक्ति सिफारिस हुनुपर्छ । त्यसको पनि कार्यान्वयन गर्न सकिएको छैन,' उनले भनेका छन्, 'उच्च अदालतमा भने तीन महिनामा नियुक्तिको सिफारिस गरिसक्नुपर्छ । तर, यो व्यवस्था लागू गर्न सकिएको छैन ।'

देशभरका ७७ वटा जिल्ला अदालतको मुद्दाको फर्स्योट सर्वोच्चभन्दा केही बढी भएको देखिएको छ । प्रधानन्यायाधीश कार्कीले राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको प्रतिवेदनमा उल्लेख भएको विवरणलाई आधार मान्दा जिल्ला अदालतहरूमा रहेका नयाँ र पुराना दुई लाख १७ हजार मुद्दामध्ये एक लाख १४ हजार ४५८ वटा फर्स्योट भयो । ५३ प्रतिशत मुद्दामात्रै फर्स्योट भएको हो । अझै एक लाख दुई हजार ५४२ वटा मुद्दा फर्स्योट हुन बाँकी छ ।

विशेष अदालतसँगै विभिन्न न्यायाधिकरणमा चार हजार ७८३ वटा मुद्दा थियो । दुई हजार ७४५ वटा मुद्दा (५७.३९ प्रतिशत) फर्स्योट हुँदा दुई हजार ३८ वटा मुद्दा फर्स्योट हुन सकेन ।

### अतिरिक्त सेवा समय

फर्स्योट हुन एक लाख ६१ हजार ६६६ वटा बाँकी रहेपछि हालको कार्यालय समयको अतिरिक्त काम गर्नुपर्ने अवस्था देखिएको प्रतिवेदनमा उल्लेख छ । अतिरिक्त समय भनेको बिहान र बेलुका हो । यसबेला पनि मुद्दाको काम कारबाही, फैसला वा आदेशको तयारीलगायत कार्य गर्न सकिने राष्ट्रपतिलाई बुझाएको प्रतिवेदनमा भनिएको छ । त्यसवापत अदालतको संवेदनशीलता, न्यायाधीशहरूको पदीय मर्यादा र जिम्मेवारीलाई मध्यनजर राखेर तलबभत्ता र सेवा सुविधा उपलब्ध गराउनुपर्ने भन्दै सरकारलाई दबाबसमेत सर्वोच्चले दिएको छ ।

अर्कातिर अदालतहरूमा मुद्दाको बोझ घटाउन मेलमिलाप गर्न सकिने प्रकृतिका मुद्दाहरूमा पक्ष र विपक्षबीच मेलमिलाप प्रभावकारी ढंगले गर्नुपर्ने पनि औंल्याइएको छ । न्यायिक काम कारबाहीमा सूचना प्रविधिको प्रयोग गर्नुपर्ने अर्को जोड सर्वोच्चको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०१**

यस कम्पनीको वार्षिक साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/११ को स्वीकृति अनुरुप साविक कम्पनी **रिशियाना खाद्य ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. २५१४७२/०७७/०७८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **रिशियाना ग्लोवल ट्रेडर्स** प्रा.लि.ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा २०७४/४/१२ मा दर्ता भएको प्रा.लि.नं. १७१८९१ को **एडिडास भेट फर्मा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEMON BUILDING CLEANING & GENERAL MAINTENANCE - BRANCH 1

पुर्व स्वीकृति मिति २०८०/०२/१८    LT. No. 272653    चलानी नं. ६०१८८३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 30 | 900 | ३२११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मिति
इटहरी-७ धरान रोड, लण्डन होटल, सुनसरी, २०८० साउन ८ गते (24&25th July. 2023) मा हुनेछ ।
बिर्तामोड-१ सेन्टरल प्वइन्ट होटल, झापा, २०८० साउन १० गते (26th July. 2023) मा हुनेछ ।
दमक-१, सेन्टल प्वइन्ट झापा, २०८० साउन ११ गते (27th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAYPLAS PACKAGING SB

पुर्व स्वीकृति मिति २०७९/०४/२५    पुर्व स्वीकृति मिति २०८०/०३/३१    LT. No. 269232    चलानी नं. ६०१८५०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४३४३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708
Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAL AL KHALEEJ TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०३/२९    LT. No. 289270    चलानी नं. ६०२०४६६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 5 | 0 | 1000 | ३४९९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Abdul Latif Al-Hamin Transport Corporation

पूर्व स्वीकृति मिति २०८०/०३/२९    LT. No.289313    चलानी नं. ६०२०४६६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 8 | 0 | 1800 | ६२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Shiraz kebab restaurants to serve meals

पूर्व स्वीकृति मिति २०८०/०३/३१    LT. No. 289336    चलानी नं. ६०२०४७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५२४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : al jazeera services contracting est

पूर्व स्वीकृति मिति २०८०/०३/३१    LT. No.289271    चलानी नं. ६०२०४७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | electric buildings | 3 | 0 | 1200 | ४१९९८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | PAINTER | 3 | 0 | 1200 | ४१९९८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले    सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Establishment ARDH TAGNIA For Contracting

पूर्व स्वीकृति मिति २०८०/०३/२९    LT. No. 289206    चलानी नं. ६०२०४७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | fast food maker | 1 | 0 | 1500 | ५२४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATISSERIE SUUSSE

पूर्व स्वीकृति मिति २०७९/०९/१४    पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/३१    LT. No. 278259    चलानी नं. ६०१९३९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 2 | 0 | 1700 | ६१,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले    सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : S & T VEGETABLES SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/०३/२७    पुर्व स्वीकृति मिति २०८०/०३/३१    LT. No. 267234    चलानी नं.६०१८३०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 29 | 1 | 1500 | ४२,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALPINE CONTRACTING & SERVICES

पूर्व स्वीकृति मिति २०८०/०३/२९    LT. No. 289283    चलानी नं. ६०२०४६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४३,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decor Wood Worker | 2 | 0 | 1200 | ४३,१९५ | | | | | | | |
| 3 | It Administrator | 0 | 3 | 3600 | १२९,५९० | | | | | | | |
| 4 | Mason | 3 | 0 | 1200 | ४३,१९५ | | | | | | | |
| 5 | Mixer Operator | 2 | 0 | 2500 | ८९,९९५ | | | | | | | |
| 6 | Painter | 3 | 0 | 1200 | ४३,१९५ | | | | | | | |

कम्पनी : STARGATE HOSPITALITY LLC

पूर्व स्वीकृति मिति २०८०/०३/२९    LT. No. 289285    चलानी नं. ६०२०४६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 10 | 800 | २८,५४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 5 | 0 | 1500 | ५३,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPER CONSTRUCTION CO LTD

पुर्व स्वीकृति मिति २०८०/०३/३१    LT. No. :289473    चलानी नं.६०१९९३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade II | 5 | 0 | 16,665 | ४८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | carpenter grade II | 10 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 3 | Electrician grade II | 2 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 4 | Foreman Grade II | 3 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 5 | Mason grade II | 65 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 6 | Plant Operator Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 7 | Plumber GRADE II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 8 | Scaffolder Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 9 | Steel fixer grade II | 7 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 10 | Tilers Grade II | 5 | 0 | 16,665 | ४८,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ८ गते (24th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘असारे विकास’ अन्त्य गर्न आजैदेखि लाग्नू

आजबाट नयाँ आर्थिक वर्ष २०८०/८१ सुरू भएको छ । सरकारले एक वर्षका लागि लक्षित गरेर तय गरेका नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन पनि आजैबाट सुरू भएको छ । हरेक साल साउन १ गतेबाट सुरू हुने आर्थिक वर्षको सुरूआती चरणमा लक्षित योजना कार्यान्वयनका लागि कार्ययोजना तय गर्नमै बित्छ । अझ भनौं, अघिल्लो आर्थिक बर्ष ‘क्लोजिङ’को चापमा परेका कर्मचारीहरू पहिलो महिना अर्थात् साउन आराममै बिताउँछन् । त्यसपछि विस्तारै चाडपर्वको सिजन सुरू हुन्छ जसले सरकारको विकासे कार्यहरू प्रभावित हुने गर्दछ ।

वर्तमान संविधान जारी हुनुअघि बजेट ल्याउने समय निश्चित नहुँदा आर्थिक वर्ष सुरू हुँदासम्म बजेट नै सार्वजनिक हुँदैनथ्यो । जसले बजेट कार्यान्वयन प्रभावित भएको भन्दै संविधानमै बजेट ल्याउने समय तोकियो, जेठ १५ । नयाँ आर्थिक वर्ष सुरू हुनुभन्दा डेढ महिनाअघि नै अर्थमन्त्रीले संघीय संसद्मा बजेट पेस गरी संसद्बाट पारित गर्ने व्यवस्था संविधानमै गरिएपछि विकास खर्चमा सुधार आउने अपेक्षा गरिएको थियो । कारण, साउन १ गतेबाटै बजेट खर्च गर्न पाउने भयो । तर, जुन अपेक्षा गरिएर बजेट ल्याउने समय संविधानमा तोकियो त्यसअनुसारको नतिजा देखाउन सरकारले सकेको छैन । विकास खर्चको दयनीय अवस्था कायमै छ ।

सरकारको कामको प्रगतिको मापन विकास खर्चमा हुन्छ । अर्थात् पुँजीगत खर्च कम हुनु भनेको सरकारले लक्ष्य गरेको योजनाहरू विशेषगरी पुँजी निर्माण गर्ने पूर्वाधार विकासका कार्यहरू नहुनु हो । जब ती योजनाहरू कार्यान्वयन कमजोर हुन्छ सरकारले प्रभावकारी काम गर्न नसकेको पुष्टि हुन्छ । हरेक सरकारले विकास खर्चलाई प्रभावकारी बनाउने उद्घोष गरे पनि त्यसमा सफल हुन सकेका छैनन् । जसले मुलुकले लिएको समृद्धिको लक्ष्यमा नै अवरोध खडा गरेको जगजाहेर छ । गत आर्थिक वर्षमा मुस्किलले ६१ प्रतिशत हाराहारीमा मात्र पुँजीगत खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ ।

अझ आर्थिक वर्षको अन्तिममा मात्र ठूलो हिस्सा खर्च गर्ने प्रवृत्ति मुलुकको लागि घातक बन्दै आएको छ । अन्तिममा गरिने खर्चमा अनियमितता र कामको गुणस्तर कमजोर हुने प्रस्ट छ । त्यसैले असारे विकासलाई अन्त्य गर्नु आजको मूल आवश्यकता बनेको छ । सरकारले चालु आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्बको बजेट ल्याएको छ । जसमा तीन खर्ब दुई अर्ब सात करोड रूपैयाँ पुँजीगत खर्च अर्थात् विकास खर्चका लागि छुट्याएको छ । यो वर्ष बजेटको लक्ष्यअनुसार कार्यान्वयन गर्न आजैदेखि प्रभावकारी योजना बनाएर काम गर्न आवश्यक छ । अर्थ मन्त्रालय र सरोकारवाला मन्त्रालय तथा निकायहरूले यो आवमा ‘असारे विकास’ अन्त्य गर्ने गरी काम गरोस् ।

## मनन्योग्य

### चाणक्य नीत

‘अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।’ ‘अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।’

‘त्यस्तै यी सबै राजा आफू - आफूमा स्वतन्त्र छन्, तर तपाईं सबैले एक केन्द्रीय शक्तिको अधीनमा रहनुपर्छ जसले विपत्तिमा रक्षा गर्छ । यो विशाल राज्य सुचारु रूपबाट चलोस् भन्ने उद्देश्य त्यसका लागि एउटा केन्द्रीय सेनाको गठन भएको छ जसको सेनापति वीर मलयकेतु हुनुहुनेछ।’ यसरी चाणक्यका प्रत्येक उद्घोषणपछि ‘राजर्षि चाणक्यलाई जय’ ‘महात्मा चाणक्यको जय’ उच्चारण गर्दै ताली दिँदै आएका राजाहरूले आफ्नो हार्दिक प्रसन्नता व्यक्त गरे ।

चाणक्य प्रदर्शनबाट धेरै टाढा थिए । उनका लागि केही कुनै आकर्षक वस्तु थिएन । एकपटक सबैतिर हेर्दै उनको दृष्टि राक्षसमा आई अडियो । उनले राक्षसका आँखामा आँसु देखे अनि नम्र स्वरमा गम्भीर बन्दै भने- ‘महामात्य ! सुख जति बढ्छ दुःख त्यसभन्दा दुई पाइला अगाडि बढेको हुन्छ । सुखका लागि दुःख गर्नु नै जीवनको ध्येय हो । भारतवर्षका महामात्यमा कष्ट उठाउने क्षमता छ, मलाई विश्वास छ, राक्षस रहुन्जेल यो सारा राज्य सुरक्षित छ । यही नै विश्वास मेरो विदाइका बखत सबैभन्दा ठूलो सुख हुनेछ ।’

‘राक्षसको मुखको भाव अत्यन्तै विह्वल पार्ने खालको थियो । उनका आँखाबाट आँसुका धारा बगिरहेका थिए । उनी अवरुद्ध घाँटीले भन्दै थिए- ’तपाईंले सम्पूर्ण कुरा दिएर आज मेरो सर्वस्व लुट्नुभयो । म जान्दैनथें, चाणक्यका हृदयमा दया र त्यागको अतुलित भण्डार पनि लुकेको छ, राज्यको सम्पूर्ण सुखमा जीवनभरि आचार्यको अभावले मुटु घोचिरहनेछ।’क्रमशः

# त्रिभुवन स्मारक : हिजो र आज



मदन ताम्राकार

> राजनीतिक परिवर्तनले संस्था सञ्चालन र कारबाहीमा विकराल समस्या सिर्जना हुँदै आयो । नेपाल सरकारका निकायहरूमासमेत श्री ५ त्रिभुवन स्मारक समितिको नाउँबाट कुनै कारबाही हुनसक्ने अवस्था नै रहेन । त्यस किसिमको बाध्यात्मक परिस्थिति र परिवर्तित समयानुसार अत्यावश्यक हुँदा २०६५ साल पुस १८ गते बसेको साधारणसभाले साविक ‘श्री ५ त्रिभुवन स्मारक समिति-२०११’ लाई परिवर्तन गरी ‘सहिद स्मारक प्रकृति प्रतिष्ठान-२०११’ नामाकरण गरेको थियो । विगतमाजस्तै प्रतिष्ठानले नियम कानुनको अधीनमा रही आफ्नो कार्य गर्दै आएको छ ।

साविक श्री ५ त्रिभुवन स्मारक समिति-२०११ सामाजिक संस्था ऐनअन्तर्गत दर्ता भएको नितान्त सामाजिक संस्था हो । यो संस्था २०११ चैत ९ गते स्थापना भएको हो । यस संस्थाका संस्थापक एवं प्रथम अध्यक्ष भूपू प्रधानसेनापति केशरशमशेर जबरा र सदस्यहरूमा गणेशमान सिंह, मातृकाप्रसाद कोइराला, भद्रकाली मिश्र, खडकमान सिंह, प्रेमबहादुर कंसाकार, दयावीर कंशाकार, सिद्धिचरण श्रेष्ठ, पछि थपिएका सुवर्णशमशेर जबरा थिए ।

प्रथम अध्यक्ष केशरशमशेर र दोस्रो अध्यक्ष पूर्वगृहमन्त्री खडकमान सिंह थिए । तेस्रो अध्यक्षमा युगकवि सिद्धिचरण श्रेष्ठ, चौथौ अध्यक्ष पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट, पाँचौं शान्ता श्रेष्ठ र छैटौं अध्यक्षमा म मदन ताम्राकार छु । यसप्रकार यो संस्थालाई नियम कानुनको अधीनमा रही निरन्तर अगाडि बढाउँदै आएका छौं । साविक श्री ५ त्रिभुवन स्मारक समितिको दर्ता नं. ११९१ मिति २०२४/०१/२५ मा जिल्ला कार्यालय काठमाडौं (हाल जिल्ला प्रशासन कार्यालय, काठमाडौं)मा विधिवत् दर्ता भएको हो ।

स्थापनाकालदेखि यस संस्थाको केन्द्रीय कार्यालय हालको काठमाडौं महानगरपालिका वडा नं. २२ महांकालस्थानको माथिल्लो सतलमा रही आएको छ । तत्कालीन राजा त्रिभुवन वीरविक्रम शाहको स्वर्गारोहण २०११ साल फागुन ३० गते भएको र उनी एउटा प्रजातन्त्रवादी राजा भएको हुँदा उनीप्रति श्रद्धाञ्जली अर्पण गरी उनको सम्झना अटल राख्ने उद्देश्यले थानकोटमा त्रिभुवन पार्क थानकोट स्थापना गर्ने निर्णय भएअनुसार २०२४ सालदेखि पार्क निर्माणको प्रक्रिया थालनी भएको थियो । तत्कालीन श्री ५ को सरकार मातहतको बागमती अञ्चल बागमती अञ्चलाधीशको कार्यालय काठमाडौंको सहयोगमा संस्थाको आर्थिक लगानी गरी २०३० सालतिर प्रथमपटक ११२ रोपनी जग्गा खरिद गरिएको र पछि थपिएको जग्गासमेत १६६ रोपनी जग्गा यस प्रतिष्ठानको नाममा नामसारी भई आएपछि त्रिभुवन पार्कको निर्माण कार्य सुरु भइआएको थियो । र, उक्त पार्कले नेपाली जनतामा निरन्तर सेवा उपलब्ध गराउँदै आएको छ ।

वि.सं. २०५२ देखि नेपालमा राजनीतिक उथलपुथल भएकोले संस्थामा अप्ठ्यारो परिस्थितिको सिर्जना हुँदै आएको हुँदा संकट विस्तारै बढ्न थालेको थियो । २०६२/६३ सालमा भएको आमूल राजनीतिक परिवर्तनले संस्था सञ्चालन र कारबाहीमा विकराल समस्या सिर्जना हुँदै आयो । नेपाल सरकारका निकायहरूमासमेत श्री ५ त्रिभुवन स्मारक समितिको नाउँबाट कुनै कारबाही हुनसक्ने अवस्था नै रहेन । त्यस किसिमको बाध्यात्मक परिस्थिति र परिवर्तित समयानुसार अत्यावश्यक हुँदा २०६५ साल पुस १८ गते बसेको साधारणसभाले साविक ‘श्री ५ त्रिभुवन स्मारक समिति-२०११’ लाई परिवर्तन गरी ‘सहिद स्मारक प्रकृति प्रतिष्ठान-२०११’ नामाकरण गरेको थियो । विगतमाजस्तै प्रतिष्ठानले नियम कानुनको अधीनमा रही आफ्नो कार्य गर्दै आएको छ ।

यस प्रतिष्ठानको मुख्य आयस्रोत भनेकै थानकोट त्रिभुवन पार्कमा पिकनिक मनाउन आउने आगन्तुकहरूको प्रवेशबाट आउने टिकट बिक्री हुने आय नै र केही पसल सटरहरूबाट प्राप्त हुने स्रोत नै मुख्य आय स्रोत हो । कात्तिक महिनाबाट सुरु हुने पिकनिक सिजन झण्डै फागुन महिनासम्म हुने गर्दछ । नयाँ वैशाख १ गतेका दिन केही भीडभाड हुने गर्दछ । सरसर्ती हेर्दा वर्षको २५-२६ वटा शनिबारलाई मुख्य आयस्रोतको रूपमा लिन सकिन्छ । स्थायी कर्मचारी १७ जना र ज्यामी तीन जनाको मासिक तलब भत्ता आदि खर्च झण्डै-झण्डै पाँच लाख रूपैयाँको आवश्यकता पर्ने गर्दछ । समय-समयमा पार्कमा आवश्यक मर्मतसम्भार कर्मचारी चियाखाजा र केही प्रशासनिक खर्च महिनाको २५-३० हजार रूपैयाँजति आवश्यक पर्ने गर्दछ । अनिवार्य खर्च आम्दानीले धान्नसक्ने अवस्था नरहेकोले वैकल्पिक आयस्रोतका लागि अत्याधुनिक संरचना विकास निर्माण गर्ने गरी सम्बन्धित निकायमा अनुरोध गरिएको छ ।

यस प्रतिष्ठानमा साविकदेखि नै नेपालको ऐन कानुनको अधीनमा रही प्रतिष्ठानको कार्य सञ्चालन भई आएको छ । तत्कालीन श्री ५ को सरकारले यस संस्था सञ्चालनार्थ वार्षिक चार-पाँच लाख रूपैयाँ अनुदान दिने गर्दथ्यो । तर, २०६२/६३ को जनआन्दोलनपछि आएका सरकारको तर्फबाट कुनै सहयोग प्रदान गरिएन र प्रतिष्ठानमा त्यतिबेलादेखि चरम आर्थिक संकट उत्पन्न भएको हो ।

धेरैपटक संघीय सरकार, प्रदेश सरकारसमक्ष कर्मचारीहरूको बाँकी वक्यौता भुक्तान गर्न र विकास निर्माणका लागि विकास बजेट माग गर्न चन्द्रागिरि नगरपालिका र निर्वाचन क्षेत्र नं. १० (ख) का माननीयज्यूको सिफारिस संलग्न राखी आवेदन गरेका थियौं । आ.व. २०७६/७७ र २०७८/७९ मा झण्डै एक करोड ६० लाख रूपैयाँ बजेट विकास निर्माणका लागि प्रदान गरिएको थियो । सो बजेटबाट पार्क परिसरमा मुख्यद्वार, सुरक्षार्थका पर्खाल, ढुंगाका बाटाहरू आदि निर्माण गरी कार्य सम्पन्न भइसकेको छ । पटक-पटक संघीय सरकारसमक्ष कर्मचारीहरूको व्यवस्थापनका लागि अनुदान माग गर्दै आएका थियौं । प्रदेश सरकारले दिएको वचनबमोजिम आजसम्म कुनै अनुदान प्रदान गरेको छैन ।

हो, यो संस्था वर्षौंदेखि ठूलो घाटामा छ । गैरजिम्मेवार बनेको सरकारबाट सहयोग नपाउनु र २०७२ सालमा आएको महाभूकम्प र भारतबाट लगाइएको अमानवीय नाकाबन्दी, कलंकी नागढुंगा सडकखण्ड धेरै लामो समयसम्म धुलाम्मे, हिलाम्मे भएको कारणले पार्कमा आगन्तुकहरूको प्रवेश वर्षौंसम्म नभएको हुँदा संस्थाले धेरै ठूलो आर्थिक समस्या भोग्दै आएको छ । वातावरण अलि सहज हुँदै आएको लामो समय नबित्दै फेरि विश्वभर फैलिएको कोभिड-१९ को महामारीले दुई वर्षसम्म शून्य आयस्रोत हुँदा संस्था थला नै परिरहेको छ । यस्तो परिस्थितिमासमेत नेपाल सरकारले कुनै किसिमले मानवता देखाएन । सहयोग गरेन, संस्थाको अनुरोधलाई कुनै सुनुवाइ गरिएन । बीसौंपटक प्रदेश सरकार प्रमुखसमक्ष गरिएको अनुरोधलाई बेवास्ता गरियो ।

चन्द्रागिरि नगरपालिकासमक्ष त्रिभुवन पार्कको काममा प्रयोग हुने केही औजारहरूको निवेदन गरेका थियौं । नगरपालिकाबाट उक्त औजारहरू (जस्तैः कुटो, कोदालो, हँसिया, हथौडालगायतका सामानहरू) तुरुन्तै उपलब्ध गराइदियो । सहयोगका लागि धन्यवादसहित कृतज्ञता ज्ञापन गर्दछौं । साथै, आव २०८०/८१ मा त्रिभुवन पार्क परिसरमा रहेको कमलपोखरी व्यवस्थित गर्ने र बुद्धपरिसरमा सुरक्षार्थ जाली बार लगाउन संस्थाको मागबमोजिम वडा नं. ४ को कार्यालयबाट तुरुन्तै लगत स्टिमेट गर्न लगाई सोका लागि आवश्यक पर्ने झण्डै १० लाख रूपैयाँ बजेट उपलब्ध गराइदिन कार्य अगाडि बढाइएको छ । स्थानीय सरकारका जिम्मेवार जनप्रतिनिधिहरूको सकारात्मक सहयोग निरन्तर रहने आशा एवं विश्वास लिएको छु ।

यस प्रतिष्ठानको थानकोट त्रिभुवन पार्कको सुन्दर भविष्य निर्माण गर्न आन्तरिक स्रोत र साधनको विकासका लागि अत्याधुनिक प्रविधिको प्रयोग गरी निर्माण गर्दै जाने योजना रहेको छ । यसका लागि स्थानीय र प्रदेश सरकारसँग सहकार्य गर्दै अगाडि बढ्ने हो । जुन प्रतिष्ठानले अत्यधिक प्रयास गरिरहेको छ । यस सम्बन्धमा चन्द्रागिरि नगरपालिकाका प्रमुख, वडा नं ४ का वडा अध्यक्षसँग पटक-पटक छलफल गरेका छौं । सहकार्यका सम्बन्धमा उहाँहरू सकारात्मक भएको मेरो बुझाइ छ । समयले कोल्टे फेरिसकेको परिवेशमा समानुपातिक समावेशितायुक्त संविधानको उद्देश्यअनुरूप सिंहदरबार नेपाली जनताको घरघरमा पुऱ्याइ आवश्यकताअनुसारको सहयोग र संरक्षण दिने संकल्प संविधानप्रदत्त कर्तव्य भएको हुँदा निसंकोच विकासमा टेवा पुग्ने नै छ ।

यस किसिमको परिस्थितिलाई अंगीकार गर्दै स्थानीय सरकार, प्रदेश सरकारसँग हातेमालो गर्दै नेपाली जनताको माग र भावनाको कदर गर्दै अगाडि बढ्ने संस्थाको लक्ष्य रहेको छ । त्यसो भन्दै गर्दा प्रतिष्ठानको आफ्नो संविधानका दायित्व निर्वाह गर्न चुक्न नहुने हुँदा सम्बन्धित सरकारी निकायहरूमा, जग्गाको भूमिकर, कर, शुल्क आदि समयमा नै भुक्तान गर्ने गरिएको छ । संस्थाले नियमानुसारको भूमिका अक्षरश पालना गर्दै आएको अवस्था हुँदा सम्बन्धित निकायबाट सहयोग प्राप्त हुँदै जानेमा विश्वस्त छु ।

सायद तत्कालीन समयमा तत्कालीन श्री ५ को सरकारको तर्फबाट तत्कालीन राजा त्रिभुवनको स्मृतिसँग जोडिएको यस संस्था भएको हुँदा सहानुभूति पाइरहेको पक्कै हुनुपर्छ । पार्क निर्माण र सुधार सञ्चालनसमेतका लागि सरकारी निकायबाट आवश्यक साधन स्रोत सहजै उपलब्ध हुने गर्दा नै यो पार्कको निर्माण भएको हुनसक्छ । सायद त्यसबेला यस किसिमका पार्कहरूको निर्माण अन्यत्र भएको थिएन होला । यसरी पनि यो त्रिभुवन पार्क नम्बर १ नै भएको हुनसक्छ । आजको दिनमा सरकारहरूले पार्क निर्माण गर्न अति आवश्यक र प्राथमिकतामा राखेको देख्दछु । हजारौं पार्कहरूको निर्माण हुन थालेका छन् । यो अति राम्रो पक्ष हो ।

मैले माथि नै उल्लेख गरिसकेको छु, फेरि दोहोऱ्याउन चाहन्छु- स्थानीय सरकार, प्रदेश सरकारसँग हातेमालो गर्दै अगाडि बढ्ने हाम्रो लक्ष्य रहेको छ । प्रतिष्ठानको साधन स्रोतले भ्याएसम्मको विकास निर्माण गर्दै जानेछ । साथै, दाताहरूबाट प्राप्त हुनसक्ने सहयोग लिने र नियम कानुनको अधीनमा रही निजी क्षेत्रको लगानीसमेत भित्र्याउने कोसिस गरिनेछ । मुख्य सडकतर्फको जग्गामा पार्किङ भवन, सपिङ कम्प्लेक्स आदिको विकास गर्न सके प्रतिष्ठान आत्मनिर्भर हुनसक्ने देखिएकोले सोतर्फ योजना बनाई अगाडि बढ्ने लक्ष्य लिएका छौं ।

*(लेखक ताम्राकार सहिद स्मारक प्रकृति प्रतिष्ठानका अध्यक्ष हुन् ।)*

## पत्र-मञ्जुषा

### बचतकर्ताको रकम फिर्ता नगर्नेलाई कानुनको कठघरामा ल्याऊ

पछिल्लो समय सहकारी संस्थाको समस्या कुनै महामारीझैं भइसकेको छ । आमसर्वसाधारण सहकारीको विरोधमा घरदेखि सडकसम्म आइपुगेका छन् । विगत दुई वर्षदेखि सहकारीले आफ्नो बचत फिर्ता नगरेको उनीहरूको गुनासो छ । सहकारीकै कारण कति बचतकर्ता गर्नुपर्ने अवस्थामा पुगेका छन् त कति अस्पताल भर्ना भएका छन् ।

सहकारीपीडित बचतकर्ताहरूमाथि दिनप्रतिदिन पीडामाथि पीडा नै थपिएको छ । घाम न पानी भनी उनीहरू दुई महिनादेखि आन्दोलनरत छन् । तर, उनीहरूको आवाज कसले सुनिदिने ? सरकार न बचत फिर्ता नगर्ने सहकारीलाई कारबाही गर्छ न बचत फिर्ता गराइदिन नै पहल गरिदिन्छ ।

त्यसैले, अहिले बचतकर्ताहरू आफैंले नयाँ जुक्ति निकालेका छन् । उनीहरू भन्छन्, ‘हामीले यत्रो गर्दा पनि हाम्रो बचत फिर्ता पाएनौं । न त कसैले हाम्रो आवाज नै सुनिदियो । त्यसैले, अब हामी आफैं आफ्नो बचत लिनका लागि कदम चाल्नेछौं ।’ अब सहकारीका सञ्चालक र कर्मचारीको घर खोजीखोजी आफ्नो बचत फिर्ता लिने उनीहरूको भनाइ छ ।

साथै, कुनै पनि सहकारीका सञ्चालक, अध्यक्ष र कर्मचारी भेटेमा बाटोमै मोसो दलेर जुत्ताको माला लगाउने पनि उनीहरू बताउँछन् । सहकारीमा बाटोमा साग बेच्नेदेखि अरुको घरमा भाडा माझेर कमाएको पैसा राखेका थिए ।

यतिमात्र नभई आफ्नो र आफ्नो बाबुबाजेको पुर्ख्यौली सम्पत्ति बेचेर, वैदेशिक रोजगारीमा गएर कमाएको रकमसमेत मानिसहरूले सहकारीमा राखेका थिए । तर, जीवनभर मिहेनत गरेर खाइनखाई राखेको रकम सहकारीले खाइदिएपछि अहिले बचतकर्ताहरू आवेगमा आएका छन् ।

सरकारले अहिलेसम्म सहकारीका सञ्चालकलाई समात्न सकेको छैन । सहकारी सञ्चालकको अगाडि सरकार निरीह बनेको छ । राजनीतिक दलहरू पनि सहकारीको ठगीधन्दाबारे बोल्दैनन् । जसबाट सहकारी सञ्चालन गर्नेहरू यीनै दलको सदस्य भएको पनि स्पष्ट हुन्छ ।

मुलुकभर दर्तामा रहेका ३५ हजारभन्दा बढी सहकारी संस्थामा करोडौं बचतकर्ताले जम्मा गरेको २२ खर्बभन्दा बढी रकम सहकारीले खाइदिएको छ । आज हरेकको घरमा रुवाबासी चलेको छ । कसैको घरपरिवार तहसनहस भएको छ त कति अर्बपतिबाट सडकमा झरेका छन् । यता, सहकारीले नै पैसा खाइदिँदा अधिंकाशको पारिवारिक सम्बन्ध बिग्रिएको छ ।

सहकारीमा बचत गर्नेमध्ये कति टाठाबाठाले त सहकारीमा समस्या आएको थाहा पाउनेबित्तिकै आफ्नो रकम निकाले । यता, कतिले गुण्डा लिएर गएर आफ्नो रकम निकाले त कतिले प्रहरी । तर, जो सहकारीका सञ्चालक, अध्यक्ष र कर्मचारीहरूको झूठा आश्वासनमा परे, जोसँग न त राजनीतिक पहुँच नै थियो न त पैसा, त्यस्तो मानिसको सहकारीले रकम खाइदिएको छ ।

कति सहकारीका सञ्चालकहरूले त बजारबाट कर्मचारीहरूलाई पासबुक संकलन गर्न लगाएर बचतकर्ताले बचत गरेको प्रमाणसमेत मेटाइदिएका छन् । ब्याज चढाउने नाममा उनीहरूले पासबुक लिए तर आगो सल्काइदिए । मुलुकभर सञ्चालित अधिकांश सहकारी डुबिसकेका छन् ।

कति त रातारात भागेका छन् । यता, नभागेकाहरूले पनि बचतकर्ताको रकम फिर्ता गरेका छैनन् । अहिले काठमाडौंको मिनभवनस्थित सहकारी विभागमा हजारौं बचतकर्ता सहकारीले बचत फिर्ता गरेको गुनासो लिँदै आइपुग्छन् । उपत्यकाभित्र र बाहिरका जोकोही सहकारीले बचत फिर्ता नगरेको वा भागेको भनेर गुनासो सुनाउन सहकारी विभाग आउँछन् । तर, विभागका उपरजिष्ट्रार टोलराज उपाध्याय ती पीडित बचतकताको कुरै नसुनी सीधै गाउँपालिका, नगरपालिका, प्रहरी प्रशासन वा प्रदेशस्थित निकायमा जान भन्छन् ।

बचतकर्ताको रकम फिर्ता नगर्ने सहकारीका सञ्चालक, अध्यक्ष र कर्मचारीलाई कानुनको कठघरामा ल्याउनुपर्छ । जनता पनि अब सचेत हुनुपर्छ ।

*- रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बर्खामा ढुवानी गर्न घोडा र खच्चडकै भर



■ डम्मर बुढामगर

**ढोरपाटन–** वर्षाका कारण गाडी गुड्ने सडकमा ठूला-ठूला ढुंगा मुठासहितको पहिरो थुप्रिएको छ । पहिरोले सडक छेकिँदा पैदलयात्रा पनि सहज छैन । बागलुङको बजार क्षेत्रमा बर्खामासमेत सडक सञ्चालन भए पनि ग्रामीण सडक भने पूर्णरूपमा अवरुद्ध छन् । सडक अवरुद्ध हुँदा ग्रामीण क्षेत्रका हजारौं नागरिक प्रभावित बनेका छन् । गाउँ-गाउँसम्म सडक पुगेपछि स्थानीय घोडा र खच्चड पाल्न छोडे । गाडीले नै दैलो अगाडि आवश्यक सामान पुऱ्याइदिएपछि घोडा खच्चडको आवश्यकता पनि किन होस् र ? तर बर्खाको समय सामान ढुवानी गर्ने प्रमुख साधान नै घोडा-खच्चड बनेका छन् ।

डेढ दशक अगाडिसम्म अधिकांश ग्रामीण क्षेत्रमा लामबद्धरूपमा खच्चडले भारी बोकेको देखिन्थ्यो । टाढा-टाढाबाट सामान ढुवानी गर्नका लागि निकै सहयोगी सावित भएका खच्चड हिउँदको समय कामविहीन हुन्छन् । स्थानीयले कामविहीन खच्चडलाई पाल्न पनि चाहँदैनन् । तर, यतिबेला बागलुङ ढोरपाटन, भल्कोटको माथिल्लो क्षेत्र, बोबाङ, निसेलढोरलगायतका ठाउँमा खच्चडले सामान बोकेको देखिन्छ । हिउँदको समयमा गुमनामजस्तै हुने घोडा खच्चडलाई स्थानीयले बर्खामा बजारदेखि गाउँसम्म सामान ढुवानीका लागि प्रयोग गर्न थालेका छन् ।

केही दिनदेखिको बर्खाले निसीखोला, तमानखोला र ढोरपाटनका अधिकांश सडक अवरुद्ध भएपछि ग्रामीण क्षेत्रका व्यापारीले घोडा खच्चडमार्फत सामान ओसारपसार गरिरहेका छन् । हिउँदभरि घाँस दाना खुवाएर पालेका घोडा खच्चडले बर्खामा काम पाउन थालेपछि खच्चड व्यवसायी पनि खुसी भएका छन् । चौतीस वर्ष खच्चड व्यवसाय गरेका स्थानीय तुलबहादुर विकले १२ वर्ष अगाडिसम्म सामान ढुवानी गर्ने गर्थे । सत्रवटा खच्चडमार्फत साधान ढुवानी गर्दा वर्षमा पाँच लाखभन्दा बढी आम्दानी गर्ने उनले अहिले २० हजार रूपैयाँ कमाउन मुस्किल पर्ने बताए ।

गाउँको टोलटोलमै सडक पुगेपछि घोडा खच्चड कामविहीन बनेको विकले बताए । हिउँदभरि दान, घाँस पानी खुवाएर पाल्न गाह्रो भएको भन्दै आठवटा खच्चड सित्तैमा बेचेको सुनाए । पहिले एउटा खच्चडको ५० हजार रूपैयाँभन्दा बढी पर्ने गरेको स्मरणसमेत विकले गरे । अहिले मलबाहेक घोडा खच्चडबाट फाइदा नभएको उनले बताए ।

'म १८-१९ वर्ष हुँदादेखि घोडाको पछि हिँड्न थालेको हुँ, तानसेन, खसौली, तम्घासबाट सामान बोकाएर पाँच-छ दिनमा बुर्तिबाङ आइन्थ्यो, महिनाभरिको कमाइ निकै राम्रो हुन्थ्यो, उतिबेला बुर्तिबाङभन्दा माथिका गाउँमा मोटरबाटो पुगेको थिएन,' उनले भने, 'घोडा खच्चडलाई काम भ्याइनभ्याई हुन्थ्यो, जब मोटरबाटोहरू गाउँमा आए त्यसपछि खच्चडले बोक्ने सामान सबै मोटर गाडीले बोक्न थाले, मोटर गाडीमा सामान दैलोमै आएपछि मान्छेले के-को खच्चड खोजुन्, उही बर्खा लाग्यो भने दुई-चार दिन काम आउँछ, त्यसले दान पनि पुग्दैन ।'

गाडीको पहुँच नहुँदा यात्रा गर्न, खाद्यान्न सामान, फेन्सी सामान तथा अन्य सामग्रीको ढुवानीका निम्ति घोडा, खच्चडको प्रयोग गर्ने गरेको खच्चड व्यवसायी मंगले परियारले बताए । उनले अहिले खच्चडको काम नहुँदा पाल्नसमेत गाह्रो हुन थालेको गुनासो गरे । पहिले घोडा खच्चड हुने मान्छे निकै धनी मानिने गरेको जनाउँदै अहिले गरिबले मात्रै खच्चड पाल्ने गरेको उनले सुनाए ।

उनले भने, 'पहिले यसको तीन-चार ठाउँ पसल हुन्थ्यो, उसैको घोडा खच्चड हुन्थे, गरिबलेमात्रै खच्चड पाल्छ, उतिबेला गरिबले घोडा खच्चड किन्न सक्दैनथे, साहु महाजनले मात्रैको हुन्थ्यो, अहिले त फ्रिमा कसैलाई लैजाभन्दा पनि कसैले लग्दैनन्, न काटेर मासु खान मिल्ने, न पालेर फाइदा, मार्न भएन, जसोतसो पाल्नुको विकल्प छैन, बर्खामा दुई दिन भारी बोकेर के आम्दानी हुन्छ ?, वर्षभरि नभए पनि छ महिना काम गर्न पाउने भए पनि धेरै सजिलो हुने थियो, काम सबै गाडीले गर्छन्, के को खच्चडलाई काम दिउन् ।'

बर्खा लागेपछि तमानखोला र निसीखोलाको अधिकांश ग्रामीण सडक अवरुद्ध भएका छन् । सडक अवरुद्ध भएका ठाउँमा व्यापारीले गोडा खच्चडमार्फत सामान ढुवानी गर्ने गर्छन् । बर्खामा ग्रामीण सडक खुलाउन नसकिने निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले बताए । शाखा सडकका कारण लोकमार्गसमेत बेला-बेलामा अवरुद्ध हुने गरेको उनले बताए । मुख्य सडकलाई जसोतसो अवरुद्ध हुँदा बित्तिकै खुलाए पनि शाखा सडक असोजपछि मात्रै खुलाउने उनको भनाइ छ ।

'बर्खामा यातायात सञ्चालन हुन समस्या हुन्छ, बाढीपहिरोले अहिले पनि हाम्रो पालिकाको सबै ग्रामीण सडक अवरुद्ध छन्, मध्यपहाडी लोकमार्गको विभिन्न ठाउँमा पटक-पटक अवरुद्ध हुने गरेको छ,' उनले भने, 'सडक अवरुद्ध हुँदा यात्रा गर्न र सामान ढुवानीमा समस्या हुने गरेको छ, मुख्य सडक त केही समयमै खुलाउने गरेका छौं भने ग्रामीण सडक बर्खामै खुलाउन सकिँदैन, हिउँद नआउँदासम्म खुलाउन असम्भव नै हुन्छ ।' *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०१**

यस कम्पनीको वार्षिक साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०७ को स्वीकृति अनुरुप साविक कम्पनी **अश्वद ट्राभल एण्ड टुर प्रा.लि. (प्रा.लि.नं. १७३१९४/०७४/०७५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **काबेली नेपाल टुर्स प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति २०७९/१०/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/३१ LT. No. 280733 चलानी नं. ६०१९६१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 27 | 0 | 1000 | ३४,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RUMIZAN JASIR ALFOZAN AND SONS COMPANY FOR INVESTMENT

पूर्व स्वीकृति मिति २०८०/०३/३१ LT No.289446 चलानी नं.६०२०४७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Operator | 1 | 0 | 1300 | ४६,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL JALAHMA CONSTRUCTION COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/३१ LT No.284013 चलानी नं.६०१९९४०५

